# नेपाल गजेट

## नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं ज्येष्ठ १३ गते ०६ साल

भाग १२

## जनगणना ऐन, २००६

प्रस्तावना — जनगणना गर्ने कामको निमित्त केही कानूनहरू बनाउन आवश्यक (तथा बान्छनीय) भएकोले देहायका अधिनियमहरू बनाइएका छन्: —

१. यस ऐनको नाम जनगणना ऐन, २००६ हुनेछ ।

२. सरकारले आवश्यक तथा अनुकूल ठहऱ्याएको पक्षमा देशभरी अथवा देशको कुनै भागमा, जनगणना गर्ने इरादा गजेटमा प्रकाशित गर्न सक्नेछ, अनि जनगणनाको काम प्रारम्भ गरिनेछ ।

३. क) जनगणनाको सम्पूर्ण कामको देखरेख, त्यस कामका लागि तालुक मन्त्रालयबाट नियुक्त गरिएको पदाधिकारीले गर्नेछ ।

(ख) जनगणनाको लागि बाँडिएका प्रत्येक इलाकाको जनगणनाको काम त्यस इलाकाको निमित्त खटिएका पदाधिकारीले गर्ने-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छ, र प्रत्येक पदाधिकारीलाई आफ्नो काममा सहायता गर्नाका लागि एउटा सहायक पदाधिकारी रहनेछ ।

(ग) इलाकाभित्रको प्रत्येक क्षेत्रमा हुने जनगणनाको देखरेख त्यस क्षेत्रको निमित्त नियुक्त निरीक्षकले गर्नेछ ।

४. जनगणनाको प्रत्येक पदाधिकारी र सहायक पदाधिकारी र निरीक्षकले आफ्नो इलाका वा क्षेत्रभित्रको जम्मै —

(क) थरी, मुखिया, पटवारी र जिम्मावाल

(ख) जमीनदार र रैती

(ग) स्थानीय पञ्चायतका मेम्बरहरू

(घ) मील, फ्याक्टरी, कारखाना, होटल, पाठशाला इत्यादिका कर्मचारीहरू,

लाई जनगणना गर्ने कामको सम्बन्धमा लिखित आदेश दिन सक्नेछ र उपरोक्त व्यक्तिहरूले यस्तो आदेशलाई मानी जनगणनाको काममा चाहिएको सहयोग दिनुपर्नेछ ।

५. प्रत्येक क्षेत्रको वास्तविक जनगणना गर्ने मानिसहरूको नियुक्ति त्यस क्षेत्रका निरीक्षकले गर्नेछ र यसरी नियुक्त गरिएका व्यक्तिहरूलाई गणक भनिने छ ।

६. (क) प्रत्येक जनगणनाको अफिसरले आफ्नो कार्य क्षेत्रभित्र परेका मानिसहरूसँग जनगणनाको निम्ति आवश्यक प्रश्नहरू सोध्न सक्नेछ । यस्ता प्रश्नहरूको सूचि सरकारले गजेटमा प्रकाशित गर्नेछ ।

(ख) प्रत्येक व्यक्तिले जोसँग यस्ता प्रश्नहरू सोधिनेछन्, प्रत्येक प्रश्नको आफूले जानेसम्म साँचो जवाफ दिनुपर्छ । तर कुनै व्यक्तिलाई आफ्नी स्वास्नीको अथवा लोग्नेको अथवा नाम लिन नहुने कुनै व्यक्तिको नाउँ भन्न कर लाग्नेछैन। लेख्न जान्नेले लेखेर दिए हुन्छ ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. (क) जनगणना गर्दाप्राप्त भएका समाचार, कुनै अन्य काममा प्रयोग गरिने छैन । जनगणनाका कर्मचारीहरूबाहेक कुनै व्यक्तिले पनि जनगणनाको सूची, लगत अथवा रेजिष्टर हेर्न पाउने छैन ।

(ख) जनगणना सूची लगत अथवा रेजिष्टरमा लेखिएको कुनै कुरा पनि, यस ऐनको अन्तर्गत चलाइएको मुद्दाबाहेक अरू मुद्दाहरूमा कुनै अदालतको समक्ष पनि सबूतको रूपमा पेश गर्न सकिने छैन ।

८. (क) प्रत्येक गणक या कुनै अन्य व्यक्ति जो कि यस ऐनबमोजिम दिइएको कुनै आदेश पालन गर्न इन्कार गर्छ अथवा आदेशपालन गर्दा चाहिने सावधानी अथवा तत्परता देखाउँदैन भने, या

(ख) कुनै गणक यदि जानी जानीकन पनि अनुचित अथवा आपत्तिजनक प्रश्नहरू सोद्धछ, या जानी जानीकन पनि गलत उत्तर लेख्दछ भने या जनगणना गर्दा प्राप्त भएको समाचारलाई सरकारको अनुमतिविना प्रकाश गर्दछ भने, या

(ग) जनगणनाको कुनै कर्मचारीले, यदि जनगणनाको कुनै कागजपत्रलाई नाश गरिदिन्छ, गायब गरिदिन्छ अथवा कुनै किसिमले हानि पुर्‍याउँछ भने अथवा जनगणनाको कागजपत्रलाई यस प्रकारसँग प्रयोग गर्दछ जसले गर्दा गलत फल निस्कने संभावना हुन्छ भने, या

(घ) यस ऐनको दफा ६ द्वारा उत्तर दिन कर लाग्ने प्रश्नहरूको उत्तर यदि कुनै व्यक्तिले दिन इन्कार गर्दछ भने अथवा आफूले जानेसम्म साँचो जवाफ दिंदैन भने, या

(ङ) कुनै व्यक्ति यदि गैर-कानूनी तरीकाबाट जनगणना अफिसरमा प्रवेश गर्दछ भने, २०० रुपैयाँसम्मको जरीवानाको भागी हुनेछ र माथिको उपदफा (ख र (ग) बमोजिम दोषी भएमा १ महीनासम्मको कैदको समेत पनि भागी हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९ क यदि कुनै व्यक्ति जनतालाई, जनगणनाको काममा सहयोग न दिनू भन्नेमा प्रचार गरेर अथवा अन्य कुनै प्रकारले जनगणनाको काममा बाधा दिन्छ भने, या

(ख) यदि आफ्नो क्षेत्रभित्र, जनगणना गर्ने विषयमा दिइएका आदेश पालन गर्नमा यदि कुनै निरीक्षक आवश्यक तत्परता देखाउँदैन अथवा असावधानी देखाउँछ भने, ४०० रुपैयाँ सम्मको जरीवाना अथवा २ महीनासम्मको कैद अथवा दुवै-को भागी हुनेछ ।

१० सरकारले आवश्यक परेमा, यस ऐनको उद्देश्य पूरा गर्नको निमित्त चाहिने नियमहरू बनाउन सक्नेछ ।

## संसदीय प्रबन्धमन्त्रालयको सूचना

यस मन्त्रालयका सेक्रेटरी श्री कुलशेखर शर्मा भारतीय संसदको कार्य प्रणाली र कार्य संचालनको अध्ययन गर्नको निमित्त ज्येष्ठ ६ गते दिल्लीतर्फ जानुभएकोछ ।

---

**गोरखापत्र छापाखानाबाट प्रकाशित**

श्री सरदार विष्णु ध्वज जोशी अफिसर इन्चार्ज ३००५

२०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।